मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

'बन्दुके साइँला'ले पार्टी बनाए, तर आफूलाई बनाएनन्': पृष्ठ ४



◆ वर्ष : २५ ◆ अङ्क : २८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ ३० गते मंगलवार (Tuesday, September 15. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'संक्रमित सुत्केरीले स्तनपान गराउँदा खतरा हुन्न'

**विनोद सापकोटा**

**झापा, भदौ २९।** सुत्केरी हुन नोबेल अस्पताल विराटनगरमा पुगेकी झापाकी एक महिलामा कोरोना संक्रमण पुष्टि भएको छ । शिवसताक्षी-५ सालमाराकी २३ वर्षीया महिलालाई कोरोना संक्रमण देखिएको शिवसताक्षी नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।



**डा. बालकृष्ण साह**

उनी छ दिनअघि सुत्केरी गराउन नोबेल अस्पताल बिराटनगर गएकी थिइन् । कोरोनाको संक्रमण देखिए पनि उनले स्वस्थ शिशुलाई जन्म दिएकी शिवसताक्षी नगरपालिकाका स्वास्थ्य शाखाका कर्मचारी सञ्जय ठकुरीले जानकारी दिए । उनका अनुसार आमा र शिशु दुबैको स्वास्थ्य सामान्य छ । उनीहरु सालमारास्थित आफ्नै घरको आईसोलेसनमा बसेको ठकुरीले जानकारी दिए ।

ती महिला २१ गते दमकको ओम मेची अस्पतालमा स्वास्थ्य परीक्षणका लागि गएकी थिइन् । स्वास्थ्य अवस्था सामान्य रहेकाले अस्पतालले उनलाई २७ गते बोलाएको थियो । तर, शरीरमा रक्तचाप बढेपछि उनले ओम मेचीको कललाई छोडेर श्रीमान्को सहयोगमा विराटनगरको नोबेल अस्पतालमा २४ गते भर्ना हुन गइन् । त्यो बेला उनलाई प्रश्वस पीडाले छोइसकेको थियो । अस्पतलाले उनलाई २५ भदौमा सुरक्षित सुत्केरी गरायो ।

नोबेल अस्पतालले ती सुत्केरी महिलाको २६ गते स्वाब संकलन गर्‍यो । २७ गते उनको पीसीआर रिपोर्ट 'पोजेटिभ' आयो । नोबेल अस्पतालले सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य विल्कुल सामान्य रहेको ठानेपछि २८ गते घर पठायो । अस्पताल रहुञ्जेल आमा र उनले जन्माएको नवजात शिशु एउटै बेडमा थिए ।

जनस्वास्थ्य विज्ञ डा. बालकृष्ण शाहका अनुसार सुत्केरी

*(बाँकी अन्तिम पृष्ठमा)*

### विदेशबाट फर्किएपछि गाउँमै व्यवसायिक सफलता

# ४०,००० बाट शुरु, ३० लाख कमाई

**सुरेन्द्र भण्डारी**

**झापा, भदौ २९।** झापाको मेचीनगर-९ मागुरमाडीका कृषक डिल्लीराम उप्रेतीले विदेशबाट फर्किएर कृषि कर्म शुरु गरे । अरु केही गर्ने बिकल्प नदेखेर उनले ९ वर्ष अघि परिवार धान्नकै लागि भए पनि ४० हजार रुपैयाँ लगानी गर्दै टिक प्रजातिको विरुवा उत्पादन र कागती खेती शुरु गरे ।

आफू विदेश (कतार)मा रहँदा काँशघारीमा परिणत भएको खेतमा अरु बाली लगाउने बिकल्प नभएपछि उप्रेतीले टिक र कागती रोप्न शुरु गरे । शुरुका बर्ष केही कठिनाई भए पनि कागतीले उत्पादन दिन थालेपछि र टिकका विरुवा बिक्री हुन थालेपछि उनलाई परिवार धान्न समस्या रहेन । बारीमा लटरम्मै फलेको कागती घरैबाट बिक्री हुन थालेपछि उनले कागती खेतीलाई नै व्यवसायीकरण गरे । जसोतसो कागती बिक्रीबाट आएको आम्दानीले परिवार धान्न पुगेपछि उनले कागतीको विरुवा उत्पादन, अनार, जुनार, आँप, लिच्ची, लगायत सबै प्रकारका फलफूलका विरुवा उत्पादन गर्दै बिक्री गर्न थाले । जसबाट राम्रो आम्दानी लिन सकिने रहेछ भन्ने भएपछि उनले टिकसहित सबै प्रजातिका विरुवाको उत्पादन गर्न शुरु गरे ।

डीएण्डडी बायोप्लानटेक नामक कृषि फर्म दर्ता गरेर १० कट्ठा जमिनबाट कृषि कर्म शुरु गरेका उप्रेती अहिले आफ्नो मेहनत र पौरखकै कारण छोटो समयमा उल्लेख्य प्रगति गर्दै ४० लाखको कार चढेर हिंड्न सक्ने भएका छन् ।

शुरुका दिनमा बजारमा कागतीको माग भएको छ, धुलावारीसम्म कागती पुर्‍याएर आउँछु, साइकल दिनुहोस् न भन्दा साइकल बिग्रिन्छ भन्दै कसैले दिन



मान्दैन थिए- उप्रेतीले भने- 'धक्का नलागी सफलता पक्का हात लाग्दैन, यो साँचो हो, मलाई छिमेकीले हिजो साइकल नदिँदा पलाएको इखले आज कार चढ्ने भएको छु । तर, मेहनत चाहिँ गर्नुपर्छ ।'

कृषि कर्मबाट नै उप्रेती अहिले वार्षिक २५देखि ३० लाख रुपैयाँ आम्दानी लिन सक्ने भएका छन् । १० जनालाई रोजगारी दिएर पनि आफूले वार्षिक २५ देखि ३० लाख रुपैयाँ बचत गर्दै आएको उप्रेतीले बताए । उनले भने- कृषि जीवन रहेछ, संसारको राम्रो काम उत्पादन हो, आज मलाई कृषि पेशाले नै यो ठाउँमा ल्याइपुर्‍यायो ।

२०६८ सालमा दिक्षाजीसँग विवाह भयो, त्यसबेला परिवार सञ्चालन गर्न निक्कै समस्या थियो- उप्रेतीले भने- भएको जमिन बाँझिएर केही लगाउन सक्ने अवस्था थिएन, न पानीको सुविधा थियो, न त राम्रो अनाज नै उत्पादन हुन्थ्यो । त्यही भएर कागती खेती र टिकका विरुवा लगाएको थिएँ, मैले लगाएको नर्सरी यो अवस्थामा पुग्ला भन्ने कल्पनासम्म गरेको थिइनँ । श्रीमती दिक्षासंग सल्लाह गर्दै २०६९ सालबाट मैले कृषि पेशालाई व्यवसायिक हिसाबले गर्नुपर्छ भन्ने सोच राखेर निरन्तर मेहनत गर्दा आज यो अवस्थामा आइपुगें- उप्रेतीले भने ।

वन तथा कृषिजन्य सामग्री उत्पादन साथै फूलको नर्सरी समेत लगाएका उप्रेतीको सफलताको पछि मेवा र खर्वुजो पनि जोडिन्छ । टिक र कागतीको विरुवा मात्रै बेचेर लामो समयसम्म टिक्न सकिँदैन भन्ने लागेपछि उनले झापामै पहिलोपटक व्यवसायिक रुपमा मेवा खेती गरे । अहिले दैनिक दुई टन मेवा घरबाटै बिक्री गर्दै आएका छन् उनले । लकडाउनको अवधिमा मात्रै उनले २५ /३० लाख रुपैयाँको खर्वुजो बिक्री गरे । यो वर्ष उनले नर्सरीमा उत्पादन गरेको सयपत्रीको विरुवाबाट मात्रै १२ लाख रुपैयाँ आम्दानी लिए । सयपत्री फूलका १० लाख बेर्ना उत्पादन गरेका उनले फूलका विरुवा बिक्री गरेर मात्रै १२ लाख रुपैयाँ आम्दानी लिएपछि उनको सिको गर्ने धेरै भए झापामा । अहिले प्रायः झापाका शहरी क्षेत्रमा फूलको व्यवसायिक खेती गर्नेको संख्या धेरै छ ।

उप्रेतीले थोरै क्षेत्रफलमा धेरै प्रकारका कृषिजन्य बस्तु लगाएका छन् । थोरै ठाउँ पनि बाँझो नराखी फूलको नर्सरी र फलफूल उत्पादन गर्न थालेपछि उनको जीवनमा आमूल परिर्वत आएको छ । उप्रेतीले अहिले सिजन अनुसारको फल उत्पादन गर्छन् भने ड्रागन फ्रुटको समेत खेती शुरु गरेका छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# मदिरा उपभोगमा क्रान्ति ल्याउँदै नयाँ पुस्ता

**फर्न्यान्डो डुआर्टे**

**झापा, भदौ २९।** कोभिड-१९का कारण मध्यमार्चतिर संसारभरि लकडाउन हुन थाल्दा टिना रोड्रिगेजले आफ्ना निजी प्रशिक्षक साथीको सहयोगमा स्वस्थ रहन मदिरा पिउन छाडेको अढाइ महिना भइसकेको थियो ।

मैले भर्खरै मात्र आफ्नो आहारमा सुधार ल्याएकी थिएँ । त्यसलाई निरन्तरता दिनु महत्वपूर्ण थियो- उनले भनिन् । मैले सदाका लागि मदिरा त्यागेकी थिइनँ । तर, लकडाउनका बेला फेरि पिउन थाल्नु उचित लागेन । घरमा दुईवर्षे छोरासँग रहँदा उनलाई मदिरारहीत जीवन व्यतीत गर्न कठिन भएन ।

बाहिर जान सकिँदैनथ्यो । घरभित्र पिउने विकल्प मेरो सामु थिएन । महामारीको समयमा मदिरा उपभोग अचाक्ली बढेको समाचार आयो । तर यही समयमा मदिरा नपिउने प्रवृत्ति पनि विश्वभरि फैलिएको छ । २६ वर्षीया टिना अचेल उनको घरनजिकैका रेस्टुराँ खुलिसकेका भए पनि मदिरा पिउँदिनन् ।

**कोभिड कालमा मदिरा उपभोगः धेरै वा थोरै**

महामारीले मानिसहरूबीचको सम्बन्ध तथा मदिरापानमा नकारात्मक प्रभाव पारेका थुप्रै विवरणहरू आएका छन् । विश्वभरिका स्वास्थ्य अधिकारीहरूले (ब्रजिलदेखि भारतसम्म, अमेरिकादेखि युरोपसम्म) मदिरा उपभोग बढेको तथ्याङ्कका माझ मानिसहरूलाई सचेत गराए । एप्रिलको अन्त्यतिर अमेरिकामा मदिराको अनलाइन बिक्री ४०० प्रतिशतले बढ्यो । दक्षिण अफ्रिकाले त रक्सी विक्रीमा प्रतिबन्ध नै लगायो ।

टिना बस्ने यूकेमा गरिएको एउटा सर्वेक्षणमा पनि ३० प्रतिशत मानिसले अरू बेलाभन्दा धेरै मदिरा पिएको बताए । तर यो तीतो यथार्थका



साथसाथै जानीबुझीकन मदिराबाट टाढा रहने प्रवृत्ति पनि मौलाएको छ । युवापुस्ताका मानिसहरूले यो प्रवृत्ति अँगालेको पाइएको छ ।

**युवा अनि मदिराबाट टाढा**

सन् १९८१ र १९९६का बीच जन्मिएको युवा पुस्ता अघिल्लो पुस्ताभन्दा मदिरा पिउने मामिलामा 'कम प्यासी' भएको पहिले पनि बताइएको थियो ।

अझ सन् १९९६ पछि जन्मिएका जेनरेशन जेड वा जूमर्स भनिने कान्छो पुस्ता मदिराबाट अझ टाढा रहन रुचाउने पाइएको छ । अमेरिकी लेखक रुबी वारिङ्टनले उनको किताबमा यो प्रवृत्तिलाई 'सोबर क्यूरिअस' वा मदिरा नपिएको अनुभव गर्न रुचाउने भनेकी छन् ।

असी लाख अमेरिकी किशोरकिशोरीबारे ३० वर्ष लगाएर (१९७६-२०१६) गरिएको एक अध्ययनमा यूनिभर्सिटी अफ क्यालिफोर्नियाका अनुसन्धानकर्ताहरूले जुमर्स पुस्ताका किशोरकिशोरी अघिल्लो पुस्ताका मानिसले भन्दा मदिरा चाख्न कम लालयित हुने गरेको पाए । बीस वर्ष अगाडि स्वस्थ जीवनशैलीलाई उदेकलाग्दो रूपमा हेरिन्थ्यो । अहिले स्वस्थ हुनुलाई सही मानिन्छ- मिन्टेल नामक अनुसन्धान संस्थाका मदिरा उद्योग सम्बन्धी विज्ञ जोनी फोर्साइथले भने ।

जेनरेशन जेड सबभन्दा स्वस्थ पुस्ता भएको छ । उनीहरूले मदिरा उद्योगमा व्यापक परिवर्तन ल्याउनेछन्- उनले भने । २७ वर्षीया पत्रकार मिली गुचले सामाजिक सञ्जालमा मदिरा नपिउनेहरूको समर्थनमा बनेको 'द सोबर गर्ल सोसाइटी' सञ्चालन गर्छिन् । उनी भन्छिन्- कतिपयमा लकडाउनले सकारात्मक प्रभाव पारेको छ । महामारीले नयाँ चुनौति ल्याएको छ । जस्तो कि व्यक्ति-व्यक्तिबीच सम्पर्क छैन र त्यसले उब्जाउने दिक्दारीले मानिसहरूलाई थप पिउन उक्साउन सक्छ- उनले भनिन् ।

तर हाम्रा कैयौं सदस्यले के पनि भनेका छन् भने यो महामारीका कारण नपिउन पनि सजिलो भएको छ किनकि थोरै पार्टी वा इभेन्ट भएका छन् र पिउने सामाजिक दबाव कम परेको छ ।

**मदिरारहीत पेय पदार्थको उदय**

प्रवृत्तिमा आएका परिवर्तनले पश्चिमा देशमा नयाँ व्यापारिक अवसरहरू खुलेका छन् । यो अन्यत्र पनि फैलिने विज्ञहरू बताउँछन् ।

नोलो भनिने थोरै मात्रामा मदिरा भएको वा मदिरा हुँदै नभएको पेयपदार्थको विक्रीमा महामारीका बेला वृद्धि भयो । ब्रिटेनका जीवशास्त्री तथा मदिरालयका मालिक पल म्याथ्यूको यस्तै अनुभव रह्यो । उनले गत वर्ष बार तथा रेस्टुराँमा विक्री गर्न नयाँ नोलो निर्माण गरेका थिए । महामारी आएपछि म्याथ्यूलाई डर लाग्यो र उनले त्यो पेयपदार्थ सोझै ग्राहकसमक्ष बेच्न चाहे । चाँडै नै असाध्यै धेरै माग आयो- उक्त पेयपदार्थको विक्री चार हजार प्रतिशतले वृद्धि भयो ।

महिनामा केही सय बोतल विक्री गर्दै आएका थियौँ । त्यो हजारौँमा पुग्यो- उनले भने । केही बजार विश्लेषकहरूले गरेको अनुसन्धानमा सन् २०२४ सम्म मदिरारहीत पेयपदार्थको वार्षिक बजार युरोपमा मात्र छ अर्ब डलर बराबर पुग्ने देखिएको छ । अफ्रिका र मध्यपूर्वमा पनि यो बढ्नेछ ।

मदिरापानसँग जोडिएका स्वास्थ्यसम्बन्धी मामिलाका कारण बढ्दो संख्यामा मानिसहरू मदिरारहीत पेय पदार्थतर्फ आकर्षित भइरहेका छन्- उनीहरूको प्रतिवेदनमा उल्लेख छ ।

अझै पनि मदिराको विश्वव्यापी बजार १० खर्ब डलरको तुलनामा यो अत्यन्त थोरै हो । तर विस्तारै मदिरा उद्योगका ठूला मालिकहरूले मदिरारहीत पेयपदार्थतिर ध्यान दिन थालेका छन् ।

**मदिरा उपभोगः कति?**

- विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)को पछिल्लो विवरणले हामीमध्ये अधिकांशमा मदिरा पिउने बानी नभएको देखाएको छ । विश्वका १५ वर्षभन्दा माथिका मानिसमध्ये आधाभन्दा कम वा

*(बाँकी अन्तिम पृष्ठमा)*

## झण्डा जलाउने एक जना जेल चलान

**काठमाडौं, भदौ २९।** म्युजिक भिडियोमा राष्ट्रिय झण्डा जलाएको दृश्य राखेको आरोपमा पक्राउ परेका ९ जनामध्ये एक जना पुर्पक्षका लागि जेल चलान भएका छन् ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी सोमेन्द्रसिंह राठौरका अनुसार पुर्पक्षका लागि जेल चलान हुनेमा झण्डा जलाउनेका मुख्य नाइके ग्याल्जेन दोर्जे तामाङ हुन् । बाँकी ८ जना धरौटीमा रिहा भएको उनले जानकारी दिए । उनीहरुलाई केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी), महानगरीय प्रहरी परिसर

*(बाँकी अन्तिम पृष्ठमा)*

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

**– बैंक नोट वा सिक्का जलाउने, गाल्ने–च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने,**

**– अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने,**

**– एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

# वीएण्डसीमा १७ महिने शिशुको मृत्यु

## अस्पतालको कुनै संलग्नता छैन: मृतकका हजुरवुवा





**बिर्तामोड, भदौ २९।** चुलेंसीले हात काटेर उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल ल्याइएका बालकको मृत्युको विषयमा गलत प्रचार भएको मृतकका आफन्तले बताएका छन् ।

शुक्रवार इलामबाट लक्ष्मण चम्लागाँईले १७ महिनाका छोराको हात काटिएपछि उपचारका लागि अस्पताल ल्याएका थिए । उनको उपचारको क्रममा मृत्यु भएपछि अस्पताल र चिकित्सकको लापरवाहीका कारण बालकको ज्यान गएको भन्दै सामाजिक सञ्जालमा टिका टिप्पणी भएको थियो ।

अस्पताल सञ्चालक दुर्गा प्रसाईको समेत नाम जोडेर भएको टिका टिप्पणी प्रति मृतकका हजुरवुवा पुण्यप्रसाद पौडेलले घटनालाई तोडमोड गरेको बताएका हुन् ।

खेल्ने क्रममा बच्चाको हात चुलेंसीमा परेर काटेको थियो- पौडेलले भने- अस्पतालमा बच्चाको शल्यक्रिया भयो, उपचार हुँदैथियो तर, बच्चा नफर्कने बाटामा गएको छ, यो दोष दिने अवस्था कसैलाई पनि छैन तर दुर्गा प्रसाई र अस्पतालको यो घटनामा कुनै संलग्नता छैन ।

# १०२ जना पत्रकारलाई कोरोना

**काठमाडौं, भदौ २९।** नेपालमा अहिलेसम्म १०२ जना पत्रकारमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सुदूरपश्चिमबाहेक बाँकी ६ प्रदेशका १०२ जना पत्रकारमा कोरोना सङ्क्रमण पुष्टि भएको नेपाल पत्रकार महासंघले जनाएको छ ।

महासंघका अनुसार तीमध्ये सबैभन्दा बढी प्रदेश नं. २मा २८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। प्रदेश नं. १मा १७, वाग्मती प्रदेशमा २६, गण्डकी प्रदेशमा १५, प्रदेश नं. ५मा १२ र कर्णाली प्रदेशमा चार जनामा कोरोना सङ्क्रमण पुष्टि भएको महासंघका सचिव प्रकाश थापाले जानकारी दिए । सङ्क्रमितमध्ये केही निको भइसकेका छन् भने केही उपचाररत् रहेका छन् । कार्यस्थलमा गई खटिने पत्रकार, फोटो पत्रकारमा बढी सङ्क्रमण देखिएको छ ।

महासंघका महासचिव रमेश विष्टले सङ्क्रमित भएर आइसोलेसनमा बस्दा पनि पत्रकारले कामलाई भने निरन्तरता दिएको बताए । महासंघले महामारीको विषम् परिस्थितिमा आफ्नो पेशागत धर्म निर्वाहका क्रममा संवेदनशील भई पूर्वसतर्कताका साथ सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गरेर काम गर्न सबैमा अनुरोध गरेको छ ।

# अफिमसहित पक्राउ

**झापा, भदौ २९।** राप्तीसोनारी गाउँपालिका-१ भौवा भन्ने स्थानबाट १० किलो अवैध लागूऔषध अफिमसहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा दाङ घोराही नगरपालिका-१५ बस्ने ५३ वर्षीय धनबहादुर सेन र सोही ठाउँ बस्ने २४ वर्षीय निशान घर्ती मगर रहेका छन् ।

उक्त स्थानमा अवैध रुपमा लागूऔषध अफिमको कारोबार भइरहेको छ भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको अफिमसहित फेला पारी पक्राउ गरेको हो ।

# भ्रामक सूचना चुनौति बन्दै


**झापा, भदौ २९।** भ्रामक सूचना विश्वकै लागि चुनौति बन्दै गएको सञ्चार क्षेत्रका विज्ञहरुले बताएका छन् । गलत सूचना प्रवाह हुँदा समाजमा नकारात्मक असर पर्ने र त्यसले समग्र प्रेस जगतलाई मात्र नभई विश्वलाई नै भ्रमित बनाएर अनेक समस्या निम्त्याउने विज्ञहरुको भनाइ छ ।

भ्रामक तथा गलत सूचनाको पहिचान र रोकथाम, उत्तरदायी र विश्वसनीय पत्रकारिता सम्बन्धी क्षमता अभिवृद्धि तालिम सोमबारबाट शुरु भएको छ । नेपालस्थित अमेरिकी दूतावाससँगको सहकार्यमा मिडिया एक्सन नेपालद्वारा आयोजित तालिम भर्चुअल प्रविधिमार्फत सञ्चालन गरिएको छ ।

मिडियामा भ्रामक तथा गलत सूचनाका कारण समाजमा हिंसा भड्कन सक्ने तथा नकारात्मक धारणा बन्ने भएकाले समाचार प्रकाशन तथा प्रशारणपूर्व आधिकारिकता बुझेर मात्रै प्रकाशन गर्नुपर्ने मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मणदत्त पन्तले बताए । फेक न्यूजलाई नियन्त्रण गर्दै मिडिया हाउसलाई आफ्नो समाचारप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ मिडिया एक्सन नेपालले विभिन्न समयमा अनुसन्धान तथा खोजमूलक तालिमहरु सञ्चालन गर्दै आएको छ । मिडिया एक्सन नेपालले झापा, इलाम र पाँचथरका पत्रकारहरुलाई यस सम्बन्धी पहिलो तालिम १५ र १६ फागुन २०७६मा इलाममा दिएको थियो ।

सोमबारबाट शुरु भएको दोस्रो चरणको तालिमको पहिलो सत्रमा बोल्दै नेपालस्थित अमेरिकी राजदूतावासका एक्टिङ पब्लिक अफेयर्स अफिसर काल रोजर्सले पछिल्लो समय सोसल मिडियाका कारण धेरै भ्रम सिर्जना भइरहेको भन्दै नेपालमा पत्रकारिताको विकास र खोजमूलक समाचार प्रकाशन तथा प्रशारण गर्ने पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि आफूहरु सहयोग गर्न तयार रहेको बताए ।

उनले मिडिया एक्सन नेपालले फेक न्यूज रोक्न आयोजना गरेको तालिमको प्रशंसा गरे । त्यस्तै नेपालस्थित अमेरिकी राजदूतावासकी सूचना विज्ञ प्रेरणा मारासिनीले समाजलाई जिम्मेवार बनाउँदै देशको विकास तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो देशको पहिचान बनाउन पत्रकारको पनि महत्वपूर्ण भूमिका हुने बताइन् । उनले मिडिया एक्सन नेपालले इलाममा पहिलो चरणको कार्यक्रम गरेर त्यसको सुधार तथा अवस्थामा के कति परिवर्तन आयो भनेर फलोअप तालिमको आयोजना गरेर सहभागी पत्रकारलाई जिम्मेवार बन्न प्रेरित गरेको बताइन् ।




मिडिया एक्सन नेपालद्वारा मिथ्या समाचार रोकथामबारे दोस्रो चरणको तालिम शुरू

दैनिक दुईवटा सत्रको तालिम तीन दिनसम्म सञ्चालन हुने भएको छ । तालिममा लैंगिक संवेदनशील पत्रकारिता, मिडियाको सामाजिक उत्तरदायित्व, मिडिया, भ्रामक सूचना र विदेशी नीति, विदेश नीति निर्माण र संरचनामा मिडियाको भूमिका, गलत सूचनाको सामना र रोकथाम, सूचनाको महामारी, भ्रामक सूचना रोकथामको तरिका र पत्रकारको भूमिकालगायतका विषयमा छलफल हुने मिडिया एक्सन नेपालका अध्यक्ष पन्तले जानकारी दिए ।

तालिममा मिडिया एक्सन नेपालका अध्यक्ष पन्त, महिला, बालबालिका र ज्येष्ठ नागरिक मन्त्रीको सल्लाहकार लैंगिक र मिडियाविज्ञ डाक्टर समीक्षा कोइराला, दि अन्नपूर्ण एक्सप्रेसका राजनीतिक सम्पादक कमलदेव भट्टराई र घानाका मिडिया शोधकर्ता डाक्टर गिफ्टी आपिया अद्जेइले सहजीकरण गर्ने छन् ।

भर्चुअल प्रविधिमार्फत सञ्चालित तालिमको पहिलो दिन भ्रामक सूचना र परराष्ट्र नीतिका सम्बन्धमा प्रशिक्षण प्रदान गरेका दि अन्नपूर्ण एक्सप्रेसका राजनीतिक सम्पादक कमलदेव भट्टराईले गलत र भ्रामक सूचनालाई पत्रकारले नियन्त्रण गर्न सक्नुपर्ने बताए । अन्तर्राष्ट्रिय समाचार प्रकाशन तथा प्रशारण गरिरहँदा आधिकारिक स्रोत र सम्बन्धित निकायसँग बुझेर मात्रै प्रकाशन तथा प्रशारण गर्न उनले सुझाव दिए ।

उनले हरेक राष्ट्रको आफ्नै परराष्ट्र नीति हुने भएकाले आफ्नो नीतिलाई बुझेर र शान्तिलाई प्राथमिकतामा राखेर मात्रै समाचार प्रकाशन गर्नुपर्ने बताए । त्यसअघि सहभागी पत्रकारहरुले आफू कार्यरत सञ्चारमाध्यम र आफ्ना समाचार कक्षमा पहिलो चरणको तालिमबाट भएको सिकाइ र त्यसका आधारमा भ्रामक समाचार न्यूनीकरणका लागि गरिएको पहलबारे प्रस्तुति गरेका थिए ।

दुई समूहमा विभाजन गरेर सञ्चालित तालिम अन्तरगत समूह 'ख' को तालिम शुरु भएको हो । तालिममा झापा, इलाम र पाँचथरका १५ जना पत्रकारहरुको सहभागिता रहेको छ। तालिम यही भदौ ३१ गते सम्पन्न हुनेछ ।

## ४0,000 ...

आफैंले उत्पादन गरेको वस्तुलाई ग्रेडिङ, प्याकेजीङ र प्रशोधन गर्दै अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने उनको लक्ष्य रहेको छ । मेचीनगरमै पहिलो पटक हाइटेक (उच्च प्रविधियुक्त) नर्सरी लगाएका उनले १२ कट्ठा जग्गामा मेवा, कागती र सयपत्री फूलको व्यावसायिक तीन तले खेती गरिरहेका छन् । उप्रेतीले आफूलाई आवश्यक पर्ने प्राङ्गारिक मल समेत आफैं उत्पादन गर्छन् । उनले उत्पादन गरेको सबै कृषिजन्य वस्तु अर्ग्यानिक हुने गरेको बताइन्छ ।

सामाजिक उत्तरदायित्व अन्तरगत उप्रेती अहिले १० लाख निमका विरुवा उत्पादन गर्दै वितरणका लागि लागी परेका छन् । २०८० सम्ममा निःशुल्क १० लाख निमका विरुवा बितरण गर्ने उनको लक्ष्य रहेको छ । वातावरण सुन्दर राख्न निमको भूमिका महत्वपूर्ण हुन्छ, त्यसैले निम बितरणको सोच राखेर विरुवा उत्पादन गर्दैछु- उप्रेतीले भने ।

**बाख्रामा भविष्य खोज्दै कडरिया**

अर्जुनधारा नगरपालिका-९ शनिश्चरे निवासी कमल कडरियाले उन्नत जातको बाख्रा पालन गरेको चार बर्ष भयो । बोयर र स्थानीय जातका गरी ११ वटा बाख्रा खरिद गरी यो व्यवसाय शुरु गरेको कडरियाको फर्ममा अहिले ६० वटा भन्दा बढी बाख्रा छन् ।

आर.के एग्रीकल्चर फर्ममार्फत बाख्रा पालन गरिरहेका कडरियाको मुख्य आम्दानीको स्रोत नै अहिले बाख्रा बनेको छ । चार जनालाई रोजगारी समेत दिएका कडरियाले ५० लाखभन्दा बढीको उन्नत जातको बाख्रा पालन फर्म सञ्चालन गरेका छन् । कडरियाको फर्ममा अहिले धेरै जसो बोयर जातका बाख्रा छन् । बोयर जातको बोका १५ सय रुपैयाँ प्रतिकेजी बिक्री हुने गरेको कडरियाले बताए ।

## मदिरा ...

४३ प्रतिशतले मात्र मदिरा पिउँछन् । विश्वको कूल जनसंख्यामध्ये ४४ प्रतिशतले जीवनभरि मदिरा पिउँदैनन् ।

- तर यसो भन्दैमा यो चिन्ताको विषय नरहेको भने होइन । सन् २००० को तुलनामा सन् २०१६ मा प्रतिव्यक्ति मदिरा उपभोग ५.७ लिटरबाट बढेर ६.४ लिटर पुगेको छ ।

- मदिराको हानिकारकस्तरको उपभोगले प्रत्येक वर्ष ३० लाख मानिसको ज्यान जाने गर्छ। कोभिड-१९ ले अगस्टसम्म ज्यान लिएको ८३०,००० संख्याभन्दा यो तीनगुना धेरै हो ।

- सुखद् समाचार के हो भने गत दुई दशकयता मदिरा उपभोग गर्ने मानिसहरूको संख्या भने झण्डै पाँच प्रतिशतले घटेको डब्ल्यूएचओको तथ्याङ्कले देखाएको छ ।

**के असल बानी निरन्तर रहला ?**

टिना रोड्रिगेज भन्छिन्- कुनै सामाजिक भेटघाटमा साथीहरूसँग रमाइलो भेला हुँदा आफूलाई फेरि मदिरा पिउने चाहना हुनसक्छ । उनका कतिपय साथीहरूले लकडाउनमा पिउन बन्द गरेका छन् । हामी सबै जना स्वस्थ जीवनशैलीप्रति अभ्यस्त भएका छौं- उनले भनिन् । त्यसो भए उनको असल बानी महामारीपश्चात् पनि निरन्तर रहला त ? विज्ञहरू भन्छन् यसको जबाफ मानिसहरूको आत्मबलले मात्र निर्देशित गर्नेछैन ।

लेखिका म्यान्डी म्यानर्सलाई मदिरा उद्योगले पनि सामाजिक जिम्मेवारीबोध गर्नुपर्छ भन्ने लाग्छ । बार तथा रेस्टुराँहरूले रक्सी नपिउनेहरूका निम्ति पनि विकल्प दिनुपर्छ ताकि सबै जना एउटै टेबलमा बसेर चाहना अनुसार रमाइलो गर्न पाऊन्- उनले भनिन् । (वीवीसी)

## झण्डा ...

काठमाडौं र अपराध महाशाखाको टोलीले पक्राउ परेर मुद्दा चलाएको थियो ।

उक्त म्युजिक भिडियो मकवानपुरको बागमती गाउँपालिकामा सुटिङ गरेको पाइएको प्रहरीले जनाएको छ ।

म्युजिक भिडियोमा राष्ट्रिय झण्डा जलाएकोदेखि जातीय द्वेष फैलाउने किसिमका दृश्य र शब्द छन् । भदौ १ गते मंगोल होप अफिसियल युट्युब च्यानलबाट नेपाली राष्ट्रिय झण्डा जलाएको भिडियो अपलोड गरिएको थियो । त्यसपछि उक्त कार्यको चौतर्फी बिरोध भएको थियो । मुलुकी अपराध संहिता २०७४ले राष्ट्रिय झण्डा जलाउन नपाइने उल्लेख गरेको छ ।

## संक्रमित ...

आमाको पीसीआर पोजेटिभ भए पनि नवजात शिशु काखमा लिन र स्तनपान गराउँदा कुनै समस्या हुँदैन । उनले भने- 'कोरोना संक्रमित आमाले स्तनपान गराउँदा नवजात शिशुलाई सामान्यतया पातलो दिसा जाने बाहेक अन्य ठूलो असर गर्दैन ।'

विश्व स्वास्थ्य संगठनले आमामा कोरोना पुष्टि भए पनि स्तनपान गराउँदा नवजात शिशुमा आमाको संक्रमण सर्ने सम्भावना ज्याँदै कम भएको बताउँदं आएको छ । डा. शाहले भने- 'संक्रमण सर्ने भयले स्तनपान नगराएका कारण बरु शिशुको ज्यान जोखिममा हुन्छ ।' आमा र परिवारका सदस्यले सुत्केरी महिलालाई हौसला प्रदान गरेर नवजात शिशुसँगै राखेर स्तनपान गराउँदा आमा र शिशुको स्वास्थ्यमा जोखिम हुँदैन' - उनले भने । संक्रमित सुत्केरी आमाले मास्क अनिवार्य, तातोपानी नियमित पिउने र पोसिलो खानेकुरा खाए कोरोना जित्न सकिने चिकित्सकले बताएका छन् ।

नेपालमा झापा लगायत सुनसरी, चितवन, नेपालगञ्ज, काभ्रेपलाञ्चोक लगायतका जिल्लामा सुत्केरी आमालाई कोरोना पुष्टी भए पनि उनले जन्माएको शिशुको नेगेटिभ रिपोर्ट आएको उदाहरण देखाउदै डा. शाहले भने- 'कोरोनाको संक्रमण देखिँदैमा आत्तिनु पर्दैन ।'


कनकाई नगरपालिका
स्वास्थ्य चौकी घैलाडुब्बा
१ नं. प्रदेश, झापा, नेपाल

कर्मचारी करारमा लिने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित सूचनाः २०७७।०५।३०

यस घैलाडुब्बा स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालन गर्नुपर्ने भएकोले तपशिल बमोजिमको करार पदमा ०७७।०५।१४ गतेको व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार योग्यता पुगेका, इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको ७ दिनभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | संख्या | आवेदन दस्तुर | परीक्षाको किसिम | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| २०७७/०७८-०१ | ल्याब असिस्टेन्ट | १ | रु. ८००।- | लिखित र अन्तरवार्ता | |

२. शैक्षिक योग्यता
क) नेपाली नागरिक
ख) शैक्षिक योग्यता र पाठ्यक्रम लोकसेवा आयोगले सम्बन्धित पदको लागि तोके बमोजिम हुने ।
ग) १८ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।
घ) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र ।
ङ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
३) दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४) मासिक पारिश्रमिक र काम गर्ने समय करार सम्झौता अनुसार
५) दरखास्त फारम लिने/बुझाउने स्थानः स्वास्थ्य चौकी घैलाडुब्बा
६) सम्पर्क मितिः २०७७।०६।०६

पदपूर्ति
स्वास्थ्य चौकी घैलाडुब्बा



बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।





भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरी टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

सम्पर्क : ९८५११४४९४९










सफलतापूर्वक ५०औं वर्षमा प्रवेश गरेको सु-अवसरमा सम्पूर्ण सेवाग्राही, शुभचिन्तक तथा सहयोगी संघ-संस्थाहरु समक्ष हार्दिक आभार व्यक्त गर्दछौं ।

शाखा प्रवन्धक
नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, शाखा कार्यालय, काँकरभिट्टा



गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।





सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सडक विस्तार र इतिहास मोह

इतिहास, संस्कृति र परम्परा नै कुनै ठाउँको परिचायक हुन्छ । त्यसैले विश्व समाजमा त्यसको संरक्षण, सम्बर्द्धन तथा प्रसार गर्ने गरिन्छ । संसारभरका मानिस शरीर विज्ञानले समान भए पनि रंग, रुप, आकार, भाषा, रहन–सहन, खानपिन, संस्कार र संस्कृतिले भिन्न छन् । त्यही भिन्नताभित्रको एकात्मकता कुनै जाति वा समूह र राष्ट्रको विशिष्टता हुने गरेको छ । त्यस आधारमा नेपाल भूगोलले सानो भएर पनि, जनसंख्याले थोरै भए पनि विशिष्ट पहिचानका साथ विश्व समुदायमा परिचित छ । यहाँ भूगोलको बनौट अनुसार बेग्लाबेग्लै जातिको बसोबास छ र त्यसै अनुसारको भाषा र जीवनशैलीमा पनि भिन्नता छ । तर, समष्टिमा उपल्लो पहिचान नेपाली हुनुले दिएको छ ।

देशको पूर्वी सीमान्त जिल्ला झापा पनि त्यही विविधायुक्त विशेषताले सम्पन्न छ । यहाँका आदिवासी रैथाने जातिहरुका आ–आफ्ना कला–संस्कृति र विशिष्ट जातीय चिनारी छन् । त्यसैमध्येको तत्कालीन अनारमनीको बिर्तावजार मूलतः राजवंशी, धिमाल जातिको बसोबास भएको थलो हो । कालान्तरमा पहाडे मूलका मानिसहरुको बसोबास हुन थालेपछि यो बहुजाति, बहुभाषी र बहुसांस्कृतिक पहिचान बनाएर जिल्लाकै अग्रणी बजारका रुपमा स्थापित भएकै हो । झापाको टाघनडुब्बामा रहेको सदरमुकाम भद्रपुरमा स्थानान्तरण गरिएपछि र पूर्व–पश्चिम महेन्द्र राजमार्गको सम्पन्नतासँगै बिर्ताबजार हुँदै सदरमुकाम जोड्ने पुरानो सडककै आधारमा नयाँ सडक निर्माण भयो । यसले बिर्ताबजारको शिर बनिएर बिर्तामोडको उत्पत्ति भयो । यद्यपि यसमा भएको पहिलो शब्दले त्यही बिर्ताबजारको अस्तित्व बोकेको छ ।

बिर्ताबजारको ऐतिहासिकतामा त्यहाँको दुर्गा भवानीको मन्दिरको मुख्य स्थान छ । सोही मन्दिर नजिक रहेका अन्य देवालय तथा शिवालयहरु पनि बिर्ताबजारका श्रृंगार हुन् । आज बजारको स्थापना गर्ने अगुवाहरु भौतिकरुपले उपस्थित नहुनु होला तर शास्त्रीय मान्यता अनुसार उहाँहरु यतैकतै हुनुहुन्छ । भौतिक विकासले, समयले र इतिहासलाई नै विश्रृंखल गर्ने मानसिकताले कुनै जाति, स्थान र क्षेत्र विशेषलाई लाभ हुँदैन । बिर्ताबजारको गहना र इतिहासका रुपमा रहेको दुर्गामन्दिर सडक बिस्तारका लागि स्थानान्तरण गर्न थालियो । जसका लागि सर्वदलीय, सर्वपक्षीय, छलफल नै भयो । इतिहास र विशिष्टता मास्नु हुँदैन भन्नेहरुको बोली अंकगणितको भाषाले बुझ्नेन । त्यसैको परिणाम पुरातन धर्म, संस्कृति, परम्परा, वस्तु, भाषा, लिपि र अवशेषहरुको संरक्षण र सम्बर्द्धन गर्ने मूल लक्ष्यसहित स्थापित पुरातत्व विभागले तत्कालका लागि मन्दिर नहटाउन निर्देशन जारी गर्‍यो । यस्तो निर्देशनले केही आशा पलाएको छ कि हाम्रा विशिष्टताहरुको संरक्षण हुन्छ । बिर्तामोड–भद्रपुर सडकखण्ड विस्तार गरी चार लेनको बनाउने काम धमाधम भइरहेको बेला पुरातत्व विभागले काम रोकेर यथार्थ विवरण पठाउन निर्देशन दिएको छ । स्थानीयबासीले जिल्लाकै प्रमुख शक्तिपीठहरु मध्येको एक महत्वपूर्ण पीठका रुपमा मान्दै आएको देवी मन्दिरको सञ्चालन स्याहार–सम्भारका लागि भूमिदान समेत गरेका थिए । देवी गुठीका रुपमा रहेको जग्गा समेत भूमाफियाहरुले अपचलन गरिसकेका छन् । यस्तो बेला इतिहास बोकेको मन्दिरलाई मध्य पारेर सडक बिस्तार गर्नु इतिहास र संस्कृतिप्रतिको सम्मान ठहरिन्छ । जसले मन्दिरका संस्थापक, दाता तथा शुभेच्छुकहरुप्रति पनि सम्मान हुनेछ । यसले मौलिकताको पनि रक्षा गर्नेछ । यसैबाट सबैको जय पनि हुन्छ ।

# विश्वास, संस्कार र कोभिड–१९



रामचन्द्र उप्रेती

चिउडामा बेला-बेलामा थोत्रो मास्क लगाउँछन्, मास्क किन्ने पैसा छैन भन्छन्। सेनिटाइजर भेटीहाले छन् भने गन्ध थाहा पाए सुर्क्याउन बेर लाउँदैनन्। गुट्का, मधु, परागको खोजीमा पसल-पसल लखर-लखर हिँड्छन्। प्याच्च-प्याच्च जताततै थुक विसर्जन गर्छन्। सित्तैमा पाइने राहतको लाइनमा सबैभन्दा पहिला पुग्छन्। सुर न तालका गजाडी गफ गरेर अरुलाई अल्मल्याउन पाए भने ठूलै उपलब्धि ठान्छन्। यस्ताहरुबाट समाजमा झन् धेरै कोरोना संक्रमणको जोखिम छ। पहिला यिनले निर्दोष परिवारलाई सार्छन् र पछि अरुलाई।

मलाई कोरोना लाग्दैन । यो विश्वास हो, तर लागि हालेछ भने के गर्ने ? यस्तो विश्वास भएकाहरुको खासै तयारी र होसियारी हुँदैन । यस्तो सोच सामान्य व्यक्तिको मात्रै हो भन्ने हुँदैन रहेछ । त्यस्तै अर्को विश्वास मलाई वा हामीलाई कोरोना लागि हालेमा जडिबुटीले ठीक पार्छौं, ईश्वरले हाम्रो रक्षा गर्छन्, हामीसँग शक्ति छ, श्रोत साधन छ । कोरोना लाग्न दिँदैनौ र लागि हाले ठीक पार्छौं जस्ता विश्वास पनि हामीभित्र हुने रहेछ ।

अमेरिकी राष्ट्रपति डोनाल्ट ट्रमले लामो समयसम्म मास्कको आवश्यकता देखेनन् । लकडाउनको विपक्षमा रहे । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले घण्टी बजाउने, थाल ठटाउने, बत्ती बाल्ने उर्दी जारी गरे जनताले त्यसै गरे । नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा उभिएर नेपालीको भान्सामा जडिबुटीको प्रयोग हुने गरेको कारण रोग (कोरोना समेत) प्रतिरोधी क्षमता बढ्तै रहेको भने । कोरोना भई हाले तातोपानी, बेसार आदिले पनि ठीक गर्न सकिन्छ भने । यही कुरा आममानिसले भनेको अवस्थामा त्यति चर्चा हुँदैन, तर शासनको उच्च तहमा, कार्यकारी भूमिकामा बसेका व्यक्तिबाट यस्ता विश्वासका कुरा आउँदा आलोचना भयो । यो स्वभाविक कुरा हो ।

मेरो घरमा कहिल्यै चोरी हुँदैन भन्नु विश्वास हो । छिमेकी प्रतिको भरोसा हो । तर, सुरक्षाको राम्रो प्रबन्ध नगरेकै कारण चोरी भयो, क्षति भयो भने त्यसको दोष र क्षतिको भागीदारी स्वयम्ले हुनुपर्छ । कोरोनाको कारण अमेरिका, ब्राजिल, भारत, नेपालमा कार्यकारी प्रमुखहरुले गरेको विश्वास र सोचको तुलनामा धेरै नै क्षति भएको छ । यो क्षति अझै कति हुने हो त्यो निश्चित छैन ।

यस्तो विश्वास देशका कार्यकारी प्रमुखको हुँदा देशले बढी क्षति व्यहोरेको छ । तर, यस्तो विश्वास कार्यकारी प्रमुखमा मात्रै सिमित छैन । व्यक्ति, परिवार, समुदाय जताततै भेटिन्छ । धेरै दिनपछि एकजना पुराना अलि पाका मित्रसँग एउटा मरिमराउ भएको ठाउँमा भेट भयो । मित्रले माक्स लगाउनुभएको थिएन, छेउमै आएर अङ्गमालै गरुला जस्तो गर्नुभयो । म आफैं अलिपछि हटें र अहिलेको अवस्था टाढैबाट नमस्कार भनें । कोरोनाको कहरबाट बच्न पर्छ के गर्नु सतर्क हुनै पर्‍यो के भनेको थिएँ उहाँले त मलाई कोरोना सोरोना केही छैन भए तपाईहरुलाई होला भनेर ततर्किनु भयो । मैले मसँग हुन सक्छ र त्यो तपाईमा सर्न सक्छ त्यसैले मैले सतर्क हुन चाहेको भनें ।


मैले यस्ता थुप्रै मानिस देखेको छु जसलाई पुरै विश्वास छ यो कोरोना उनलाई लाग्दैन । उनीहरुको सतर्कता पटक्कै देख्दिनँ । मास्क बेला-बेलामा अरुका लागि लगाई दिन्छन् । कुरा गर्नुपर्‍यो भने पहिला नजिक जाने र मास्क खोलेर बोल्न शुरु गर्छन् । भौतिक दूरीको कत्ति पनि ख्याल गरेको पाइँदैन । यो विश्वास मात्रै हो । संयोगले कोरोना लागेन र लागे पनि लक्षण देखिएन, निको भयो भने त राम्रै हो । तर, त्यस्तो भएन भने यो विश्वासले समुदायका अरु मानिसलाई धेरै नोक्सान गर्ने अवस्था देखिन्छ ।

समुदायमा अर्का एकखालका मानिस छन् । तिनलाई अरु सामान्य मानिसले मान्ने नियम उनले पालना गर्नु पर्दैन भन्ने सोच छ । अर्थात् यस्तो सामान्य नियम मान्नु जनसाधारणको काम हो र उनी अलि विशेष मानिस हुन् । उनका लागि यस्तो नियम लाग्दैन, उनले पालना गर्नुपर्दैन । किनकि उनी विशेष मानिस हुन् । अर्थात् जसले यस्तो नियम मान्दैनन् मान्नु पर्दैन उनीहरु विशेष मानिस हुन् । त्यसैले यस्तो विशेष मानिस हुने रहर, होड आदिका कारण पनि कोरोना सम्बन्धी नियमको पालना नगर्ने र उल्लंघन गर्ने बढेका छन् । यस्तो काम धेरैजसो समाजका नेता र ठालूहरुले गर्ने गरेका छन् । यिनलाई कोरोना भयो भने सार्वजनिक गर्ने र नियममा बस्ने सम्भावना पनि निकै कम छ । तर, समुदायमा कसैलाई कोरोना लागेमा तिनलाई सार्वजनिक गर्ने र अर्ति-उपदेश दिनेमा यस्ता मानिस सधैं अगाडि हुने छन् । यस्तो काम प्रदेश दुईमा अन्यत्रभन्दा बढी भएको हो कि जस्तो लाग्छ समाचार हेर्दा, सुन्दा ।

अर्को एउटा समूह छ त्यो जुनसुकै समुदायमा छ । रहरले होइन बाध्यता र करले घर छाडेर बाहिर निस्केको छ । दिनै कमाउने, दिनै खाने वर्गलाई हुनसम्मको कहर छ । घरमा लालाबाला छन्, उमेर ढल्कदै गरेका बाबुआमा छन् । तिनको छाक कसरी टरेको होला ? यसबारेमा धेरैले सोच्न भ्याएकै छैनन् । सोचेर पनि केही गर्न सकिने अवस्था छैन । कति गर्ने ? कसलाई गर्ने ? कसरी गर्ने ? यो समस्या छ । भोकको रनाहाले बाहिर निस्कन बाध्य यस्ता मानिससँग सुरक्षाका उपाय हुँदैनन् । कोरोनाको कहरभन्दा भोकको कहर उच्च छ, नजिकै छ । त्यसैले चाहेर पनि यो वर्गका मानिस नियममा बस्न सक्दैनन् । यी सबै उच्च जोखिममा छन् । यिनका कारण समाजका अरु मानिस पनि जोखिममा हुने नै भए । यस्ता समस्यामा भएका वर्गलाई राहत होइन काम चाहिएको छ । काम दिन सक्नेले धेरैथोरै काम दिएर कामको दाम दिन सक्दा ठूलै सहयोग हुने अवस्था छ । यसमा सकेको गर्न सबैले प्रयास गर्दा यो महामारीमा अति नै समस्यामा परेका मानिसलाई केही राहत हुन्छ । यसमा योगदान गर्न सबैले कोशिस गरौं ।

अर्को एउटा सानो समूह छ जो वेपरवाह, गैर जिम्मेवार र लापरवाही गर्छ । यो समूहमा युवादेखि वृद्धसम्म सबै पर्न सक्छन् । तिनलाई कोरोनाको कहर, अरुका दुःख र अप्ठ्यारा आदिसँग कुनै मतलब छैन । केबल एकछिनको तल-तल मेटन यस्ता मानिस रक्सी पसलमा झुम्मिन्छन्, केही नभए झैं सँगै बस्छन्, खान्छन् । चिउडामा बेला-बेलामा थोत्रो मास्क लगाउँछन्, मास्क किन्ने पैसा छैन भन्छन् । सेनिटाइजर भेटीहाले छन् भने गन्ध थाहा पाए सुर्क्याउन बेर लाउँदैनन् । गुट्का, मधु, परागको खोजीमा पसल-पसल लखर-लखर हिँड्छन् । प्याच्च-प्याच्च जताततै थुक विसर्जन गर्छन् । सित्तैमा पाइने राहतको लाइनमा सबैभन्दा पहिला पुग्छन् । सुर न तालका गजाडी गफ गरेर अरुलाई अल्मल्याउन पाए भने ठूलै उपलब्धि ठान्छन् । यस्ताहरुबाट समाजमा झन् धेरै कोरोना संक्रमणको जोखिम छ । पहिला यिनले निर्दोष परिवारलाई सार्छन् र पछि अरुलाई ।

अर्को एउटा विश्वास सबैजसो समुदायमा सबैलाई छभन्दा हुन्छ । जस्तै मिल्ने साथि, एउटै पेशा




व्यवसायका साथी, केही समय (२४ घण्टामा २/४ घण्टा) सँगै काम गर्ने साथी, आफन्त, नाता सम्बन्ध, दिनभरि लखर-लखर डुलेर घर आउने परिवारका सदस्य आदिलाई कोरोना छैन, हुँदैन भन्ने विश्वासमा छौं । त्यसैले त परिवार र यस्ता साना-साना समूहमा हुने उत्सवहरु रोकिएका छैनन् । यो पनि विश्वास मात्रै हो । जोखिम यस्ता व्यवहारले पनि बढाइरहेको सहजै बुझ्न सकिन्छ ।

यस्ता कतिपय विश्वास र व्यवहारका हामी सम्वाहक बनेका छौं । तर, कोरोना रोक्न सचेतना प्रवाह गर्ने सञ्चारकर्मी, जनप्रतिनिधि, कोरोना कालमै पनि सुरक्षा प्रदान गर्ने प्रहरी, कोरोना समेतका विरामीको उपचारमा संलग्न स्वास्थकर्मीलाई कोरोनाले छोइहालेछ भने हामी उती उदार हुन सकेको हुँदैनौं । त्यसैगरी भोक मेटाउन बाध्यताले बाहिर निस्कने समूह प्रति हामी आवश्यकता जति संवेदनशील बन्न सकेका छैनौं । अन्त्यमा, कोरोनालाई जित्न विश्वासले होइन व्यवहारले मात्रै सकिन्छ भन्ने बुझ्न अब पनि ढिलो नगर्नु बुद्धिमानी हुन्छ ।

# विचित्रताभित्र रुमलिएको नेपाली समाज



उदय मैनाली

**भूमिका :**

विभिन्न दृष्टिकोण र वादहरुको माध्यमबाट नेपाली समाजको वर्तमान चरित्र र अवस्थाको विश्लेषण गर्दा भिन्न-भिन्न देखिनु स्वभाविक नै हो । नेपाल कम्युनिष्ट पार्टीको राजनीतिक प्रतिवेदनमा नेपाली समाज दलाल पुँजीपतिको वर्चस्व कायम रहेको समाजको रुपमा चित्रण गरिएको छ भने विश्व कम्युनिष्टहरुको आत्मदर्शन मार्क्सवादमा आस्था राख्ने नेकपाले दलाल पुँजीवादी भनेको नेपाली समाज बरिष्ठ समाजशास्त्री डोरबहादुर बिष्टको दृष्टिकोणमा भाग्यवादी समाज भनेका छन् ।

कतिपय विदेशी समाजशास्त्रीको नजरमा नेपाली समाज टेकअप स्टेजकाको चरित्र बोकेको समाज भनेर व्याख्या गरेको छन् । त्यस्तै वीपी कोइरालाको समाजवादले नेपाली समाजलाई सामन्ती चरित्र बोकेको र असमानता र आर्थिक शोषण व्यापक रहेको समाजको रुपमा चित्रण गरेको छ । राजनीतिक दर्शन र सामाजिक सिद्धान्तको जगमा गरिएका यस्ता चरित्र चित्रण आ-आफ्नो कोणबाट ठीक वा बेठिक हुन सक्छन् । तर, यस्ता दर्शन र सिद्धान्तबाट अलग भएर फरक ढङ्गको समकालीन समाजको विश्लेषण गर्ने कोशिस यस आलेख मार्फत गरिएको छ ।

**नेपाली समाजको चित्रण :**

वर्तमान नेपाली समाज दोधारे प्रवृत्ति र विरोधाभाषपूर्ण प्रकृतिको रहेको छ । यहाँ को कस्तो ? कुन समाजको चरित्र के ? कुन परिवारको संस्कार के ? ठम्याउनै मुस्किल भएको छ । व्यक्तिदेखि समग्र देशसम्म कसैको वास्तविक चरित्र छुट्याउन नसकिने अवस्था छ । अरुका अगाडि सबै इमान्दार हुन खोज्छन् । तर, इमानको लडाइँमा कोही सहभागी हुनेवाला छैनन् । सार्वजनिक स्थानमा भ्रष्टाचार र सदाचारका लामा लामा भाषण गर्न पछि नपर्ने महाशय सानो अवसर पाउने बित्तिकै आफै भ्रष्टाचारमा लिप्त हुन पुग्दछन् । हात्तीको देखाउने दाँत र खाने दाँत अलग हुन्छ भने झैं नेपाली समकालीन समाजको व्यवहार दोधारे र दुईजिब्रे प्रवृत्तिको रहेको छ । पुरातन रुढीवादी व्यवहार छोडे जस्तो पनि गर्ने, तर छोड्न नसक्ने अनि नविनतम् आधुनिकता अपनाउन पनि खोज्ने, तर अपनाउन पनि नसक्ने किसिमको ढुलमुले र विरोधाभाषी समाज हो नेपाली समाज ।

भ्रष्टाचार मौलायो भनेर सार्वजनिक स्थानमा प्रवचन गर्दै हिँड्ने, तर मताधिकारको प्रयोग गर्दा भ्रष्टाचार प्रमाणित भइसकेको व्यक्तिलाई भोट हाली विजयी गराउने समाज हो नेपाली समाज । समकालीन नेपालीसम्म यतिसम्म पाखण्डी भइसकेको छ कि शिक्षा र स्वास्थ्य राज्यको दायित्व हो भन्दै निजीकरणको व्यापक विरोधमा भाषण गर्छ । तर, तिनै निजी विद्यालय र निजी अस्पतालको मालिक हुन दिनरात लागीपर्दछ । हरेका सरकारी कार्यालयको ढोकामा लेखिएको हुन्छ म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार हुन पनि दिन्न भनेर ठूला अक्षरले कोरिएको हुन्छ । तर भित्र पस्दा घुस र कमिसन बिना ओल्लो टेबलको फाइलको पल्लो टेबलमा सर्दैन ।

देशभरका सोझासाझा जनतालाई बुर्जुवा शिक्षा नपढ्नु भनेर आन्दोलनमा लगाएका टाठाबाठाहरुले आफ्ना छोराछोरी युरोप, अमेरीकाका विश्वविद्यालयमा पढाएका स्वार्थी चरित्र बोकेको समाज हो । जनयुद्धमा खर्च नगरी तडक-भडक बिनाको क्रान्तिकारी विवाह गर्नुपर्छ भन्दै सामुहिक विवाह गराउने । तर, आफ्ना सन्तानको पाँचतारेमा होटेलमा धुमधामसँग विवाह गर्ने चरित्र बाकेको समाज हो । अरुका अघि स्वदेशको माटो र देशप्रेमको गाथा गाउँदै हिँड्ने र घरभित्र पुग्नासाथ अमेरिकन दूतावासको वेभसाइट खोलेर इ.डि.भी. भर्ने समाज हो । दुनियाँका छोराछोरीलाई मातृभाषा पढाउन उत्प्रेरित गर्ने, वैदेशिक रोजगारीमा खाडी मुलुक गएर दुई/चार पैसा कमाउन हुन्न नत्र देशको विकास हुन्न भन्दै वेरोजगार राख्ने अनि आफ्ना छोराछोरी चाहीं एसएलसी सक्ने बित्तिकै युरोप, अष्ट्रेलिया र अमेरीका पठाउने पाखण्डी समाज हो ।



स्वदेशमा भइञ्जेल परिश्रम भनेको भुत्लोभाङ्ग नगर्ने, डुकुलन्ठक भएर हिँड्ने अनि विदेशको भिसा लाग्ने बित्तिकै संसार नै जिते जस्तो फुँइ लाउँदै पासपोर्ट चेपेर विदेश भाँसिने र त्यहाँ पुगेर नेपालमा बसेकाहरुले देश सखाप पारे, म त्यहाँ भएको भए हाम्रो समाज यस्तो हुन दिन्न थिएँ भनेर सामाजिक सञ्जालमा बुर्कुसी मार्ने दोधारे चरित्र बोकेको समाज हो नेपाली समाज ।

शिक्षामा व्यापक राजनीतिकरण भयो भनेर घण्टौं चिया पसलमा गफ छाट्ने, तर आफू शिक्षक भएर अमूक राजनीतिक दलको झोले बन्ने, म त निष्पक्ष र तटस्थ पत्रकार हो भनेर आवाज उठाउने, तर अमूक राजनीतिक दलको भातृ संगठनको सदस्यता गोजीमा बोक्ने, सामाजिक हिंसा, महिला हिंसा, कुरीति, अन्धविश्वास जरैदेखि उखेलेर फाल्ने भन्दै प्रवचन दिने, तर आफै आफूले लगाएको कट्टु श्रीमतीलाई धुन लगाउने, बोक्साबोक्सीको आरोप लगाउने, जातीय विभेद गर्ने दोहोरो चरित्र बोकेको समाज हो नेपाली समाज ।

मेरो त एउटी छोरी अष्ट्रेलिया, एउटा छोरा अमेरीका गाको छ, तिम्रो छोराछोरी त नेपालमा बसेर बिग्रिने भए भन्दै छिमेकीलाई लान्छना लगाउने, तर आफू बिरामी पर्दा तातोपानी तताउन र अस्पताल लैजानका लागि त्यही छिमेकीको छोराछोरी बोलाउनुपर्दा पनि लाज नमान्ने समाज हो नेपाली समाज ।

फिनल्याण्डमा ३४ वर्षीय युवा सान्ना मरिन्ना प्रधानमन्त्री हुँदा सामाजिक सञ्जाल भरिने गरी बधाई दिँदै नेपालमा कहिले यस्तो अवस्था आउला भनेर चिन्ता प्रकट गर्ने, तर आफ्ना पार्टीका ७० वर्ष पुगेका नेतालाई प्रश्न गर्न नसक्ने समाज हो नेपाली समाज । मानवअधिकार र सामाजिक न्यायको पक्षमा माइतीघर मण्डलामा दिनभर उफ्रने, तर कुख्यात अपराधीको पक्षमा खुलेआम वकालत गर्न अलिकति पनि नहिच्किचाउने समाज हो नेपाली समाज । सबै समस्याको जड संस्कारविहीन राजनीति र असक्षम नेतृत्व हो र यसलाई नसुधारी देश विकास हुँदैन भन्दै गर्जने, तर पार्टीले ढुङ्गाको मूर्ति जस्तो व्यक्ति चुनावमा उठाए पनि त्यसैको समर्थनमा मतदान गर्ने बाहुल्य भएको समाज हो । पुँजीवादी दलाल प्रवृत्तिको सकेसम्म विरोध गर्ने, तर आफै पुँजीपति बन्न चाहने विरोधाभाषी चरित्र भएका मानिसहरु बसोबास भएको समाज हो ।

मुखुण्डो ओढेकाभित्र र बाहिर दुई चरित्र बोकेका दोधारे र विरोधाभाषी अवस्थामा गुज्रिरहेको नेपाली समाजमा नेतादेखि क्रेतासम्म, हाकिमदेखि पिउनसम्म, व्यापारीदेखि आम सर्वसाधारणसम्म, कृषक, उपभोक्ता, शिक्षक, विद्यार्थी, पत्रकार, प्राध्यापक, डाक्टर, इन्जिनियर, विभिन्न पेशाकर्मी, आम नागरिक समग्र समाज नै यही विरोधाभाषी चरित्रबाट गुज्रिरहेको छ । न त यो भाग्यवादी समाज हो न त पुँजीवादी, समकालीन नेपाली समाज आफैमा गुजुल्टिएको दोधारे र विरोधाभाषी चरित्रसहित विचित्रताभित्र रुमल्लिएको समाज हो ।



# ‘बन्दुके साइँला’ले पार्टी बनाए, तर आफूलाई बनाएनन्

**लक्ष्मी उप्रेती/विनोद सापकोटा**

राज्य व्यवस्था परिवर्तनका लागि यो मुलुकमा धेरै आन्दोलनहरु भए । यसैक्रममा धेरैले शाहदत प्राप्त गरे । थुप्रै अङ्गभङ्ग भएर जीवनभर अपाङ्ग शरीर लिएर अझै पनि बाँच्न बाध्य छन् । कतिले प्रजातन्त्र पुनर्स्थापनाको संघर्षकालमा देशभित्र तथा निर्वासनमा अनेकौं कष्ट भोग्न बाध्य भए । यस्तै परिवर्तनका लागि जीवनभर आफ्नो उर्वर उमेर पार्टी भनेर दीलोज्यान दिने थुप्रै नेता कार्यकर्ताहरु अहिले पनि निक्कै कष्टकर जीवन बिताउन बाध्य छन् । उनीहरुतर्फ न आफ्नै दलका नेता कार्यकर्ताको नजर पुगेको छ न राज्य कै ? यस्तै मध्येका एकजना पात्र हुन्- धीरेन्द्रविक्रम चेम्जोङ ‘बन्दुके साहिँला ’।

उनी सँगैका थुप्रै समकक्षीहरुले पटक-पटक सत्ताको बागडोर सम्हाले, धेरैजना मन्त्रीदेखि पार्टीकै नेतृत्वमा पुगे । तर, देश र जनताका लागि निरंकुश राज्य व्यवस्था परिवर्तनका लागि ज्यानको बाजी लगाएर शिरमा कात्रो बाँधेर अहोरात्र प्रजातन्त्र प्राप्तिका लागि खट्ने धीरेन्द्रविक्रम चेम्जोङ ‘बन्दुके साहिँला’ले देशमा थुप्रै व्यवस्थामा परिवर्तन आए पनि आफ्नो जीवनमा कहिल्यै परिवर्तनको अनुभव गर्न पाएका छैनन् । जन्मजात आफूलाई नेपाली कांग्रेसको योद्धा भन्न रुचाउने उनी २०१७ सालदेखि प्रजातन्त्र सेनानी स्वर्गीय भूविक्रम नेम्बाङको प्रेरणाले राजनीति यात्रामा प्रवेश गरे

स्वर्गीय भूविक्रम नेम्बाङका हातबाट नेपाली कांग्रेसको साधारण सदस्यको प्रमाण पत्र प्राप्त गरेका ‘बन्दुके साहिँला’लाई सुवर्ण शमशेरका हातबाट पार्टीको क्रियाशील सदस्यको प्रमाण पत्र प्राप्त गरेको स्मरण ताजै छ । आजभन्दा ७५ वर्षअघि कांग्रेसको गढ मानिने पाँचथर जिल्लाको तात्कालीन पौवासारताप-३ हाल फाल्गुनन्द गाउँपालिका-१ मा जन्मिएका उनी अहिले झापाको अर्जुनधारा-१० चुथाईमा निक्कै कष्टकर रुपमा जीवन बिताइरहेका छन् । खिया लागिसकेको टिनले च्यापेको छानो, वरिपरि भाटा लगाएर माटोले लिपेको टाटी अनि घरभित्र प्रवेश गर्न पनि समस्या हुने न पानी न घामबाट बच्न सकिने सानो झुपडीमा कान्छा छोरा बिर्जाहाङ्ग चेम्जोङ बुहारीसहित छ जनाको परिवारसँग उनी बस्दै आएका छन् । कमाउने बेलाको उमेर सबै पार्टीका लागि सुम्पिने चेम्जोङ ‘बन्दुके साहिँला’को त्याग र लगानीले यो देशको धेरै राज्य व्यवस्था परिवर्तन गर्न सके पनि अहिलेसम्म आफ्नै घरको खिया लागेको टिनको छानो र माटोले लिपेको बाँसको भाटाको टाँटीलाई परिवर्तन गर्न चाहीं उनले सकेका छैनन् ।

पूर्व मन्त्रीहरु नरेन्द्रविक्रम नेम्वाङ, सूर्यमान गुरुङ, केवी गुरुङमात्र होइन पार्टीको शीर्षस्थ ठाउँमा पुगेका स्वर्गीय भूविक्रम नेम्वाङ, मच्छिन्द्र केरुङ लगायतका नेपाली कांग्रेसका नेताहरु उनका समकक्षी हुन् । तर, उनी कहिल्यै पार्टीको क्रियाशील सदस्यभन्दा माथि उक्लिन सकेनन् । २०१७ सालको आन्दोलनको क्रान्तिको सम्झाना उनमा आलै छ । लेखक कृष्णविक्रम नेम्वाङको ‘सत्र सालको क्रान्तिको सम्झना’को दोस्रो संस्करणमा २०१७ सालमा मेची अञ्चलमा सक्रिय सबै मुक्तियोद्धाका र तीसँग सम्बन्धित तस्वीरहरु राख्ने क्रममा धीरेन्द्रविक्रम चेम्जोङ ‘बन्दुके साहिँला’को तस्वीर समेत समावेश छ । उसबेला उनको पार्टीप्रतिको लगानी, बल, तागत र जोश जाँगर देखेर पार्टीले निकै कठिन जिम्मेवारी दिइएको थियो ।

पञ्चायती विरोधी आन्दोलनमा आवश्यक पर्ने हातहतियार उनले भारत लगायतका विभिन्न ठाउँबाट ल्याउँथे । निकै अत्याधुनिक हातहतियार ओसार्न ‘मायर’ उनले आफ्नै घरमा हातहतियार ल्याएर भण्डारण गरेका कारण सबैले उनको उपनाम ‘बन्दुके साहिँला’ राखेका रहेछन् । ‘हातहतियार ओसार्नु कुनै चानचुने कुरा थिएन्’ उसबेलाको सम्झना गर्दै उनले भने- ‘रातरात जंगलको बाटो भएर ल्याउनु पर्दथ्यो । मर्ने बाँच्ने कुनै टुङ्गो हुँदैन थियो । कहिलेकाहीँ त बाटो बिर्सेर रातभरि जंगलकै बास हुन्थ्यो ।’ त्यसबेलाको राज्यसत्ताले उनलाई पक्राउ गर्न ठूलो सुरक्षा संयन्त्र परिचालन गरे पनि उनी भागेरै र लुकेरै तथा सुरक्षा फौजको आँखाबाट टाढै रहन सफल भए । उनलाई पक्राउ गर्न त्यसबेलाको सुरक्षा प्रशासन पटक-पटक असफल हुन्थ्यो । उनीसँगै धेरै पक्राउ पर्दथे । तर, उनी कहिल्यै प्रहरीको फन्दामा परेनन् ।

पार्टीले भारतको पश्चिम बंगाल राज्यको बतासी भन्ने ठाउँबाट १८ नाल अत्याधुनिक हातहतियार ल्याउने जिम्मेवारी उनलाई सुम्पिएको थियो । तर, उनले आठ थानभन्दा बढी नेपाल छिराउन सकेनन् । ‘मार्क थ्री’ र ‘मार्क फोर’ हतियार ल्याएर पार्टीका नेता कृष्णप्रसाद मिश्रलाई जिम्मा लगाए । बाँकी १० थान ल्याएपछि मात्र कमाण्डर भूविक्रम नेम्बाङको नेतृत्वमा रहेको टिमले तात्कालीन शाही नेपाली सेनाको ब्यारेक चारआलीमा आक्रमण गर्ने योजना बनाएको सुनाउँदै उनले भने- ‘दशनाल हतियार नेपाल छिराउन अनेकौ जुक्ति लगाइयो तर सकिएन । त्यसैका कारण पनि तात्कालीन शाही नेपाली सेनाको ब्यारेक चारआलीमा आक्रमण गर्ने योजना समेत विफल भयो ।’

त्यसरी लडेका योद्धा धीरेन्द्रलाई अहिले सिङ्गो नेपाली कांग्रेसले बिर्सेको हो कि भन्ने कता-कता लागेको छ । ‘उसबेला ममा धेरै जोस-जाँगर बल थियो पार्टीले सधैँ सम्झियो ।’ उनले भने- ‘अहिले म बृद्ध अवस्थामा पुगे, आर्थिक अवस्था निकै कमजोर भयो, धन-दौलत कमाउन सकिन यसकारण मलाई अहिले मन्त्रीदेखि पार्टीको माथिल्लो नेतृत्वमा पुगेका नेता कार्याकर्ताको त कुरै छाडौ जिल्ला तहका नेताले समेत चिन्नै छाडे ।’ यतिमात्र होइन दम, मधुमेह, पायल्स, ग्याष्ट्रिक लगायतका विभिन्न रोगले थलिएका चेम्जोङ्गको स्वास्थ्य अवस्थाका बारेमा पार्टीका कुनै नेता कार्यकर्ताले न चासो राखेका छन्, न दुई वर्षअघि झापाको बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा एपेन्डिक्सको शल्यक्रिया गर्दा अस्पतालमा भेट्न नै पुगे । यसले आफूलाई ज्याँदै नरमाइलो लागेको उनको भनाई छ ।

‘देशमा जुनसुकै राज्य व्यवस्था परिवर्तन भएपनि सामान्य मानिसलाई कुनै उपलब्धि चाहिँ नहुँदो रहेछ’ -अवरुद्ध गलामा उनले भने- ‘दल र दलका नेतालाई सत्ता र पद बाहेक अरु केही नचाहिने रहेछ ।’ वीपी आन्दोलनका क्रममा उनी भारतमा निर्वासित भए । भारतको पश्चिम बंगाल राज्यको बतासी भन्ने ठाउँमा डेढ महिना जति निर्वासित जीवन बिताए उनले त्यसपछि त्यहाँ पनि बस्न गाह्रो भएपछि आसामतर्फ हानिए । लामो समय आसाममा निकै कष्टकर र संघर्षपूर्ण जीवन बिताएपछि वि.सं.२०३६ सालको जनमत संग्रहको समयमा उनी नेपाल फर्किए । त्यसबेला देशमा थुप्रै अप्रिय घटनाहरु भए । बहुदलबादीको आमसभा निर्दलबादीले बिथोल्ने हुँदा पाँचथरमा ठूलो दंगाफसाद भयो । त्यो पनि उनको मानसपटलमा ताजै छ ।

तर, नेपाली कांग्रेस तरुण दल विभागीय केन्द्रीय सदस्य मदनबहादुर बुढाथोकी पञ्चायतकालमा खोसिएको चेम्जोङ्ग सम्पत्ति फिर्ता गर्न पटक-पटक पहल गरेको बताउँछन् । नेपाली कांग्रेसले आफ्ना अग्रज र पार्टीका लागि सबै उमेर खर्चेर योगदान दिने नेता कार्यकर्तालाई सहजरुपमा जीवनयापनको व्यवस्था गर्नुपर्ने उनको भनाई छ । चेम्जोङ्गको बाँकी जीवन सरल र सुविधारुपमा अघि बढोस् भन्ने उद्देश्यले अढाई लाख रुपैयाँको अक्षयकोष खडा गर्ने योजना रहेको उनले बताए । उनलाई औषधि उपचारका लागि स्वास्थय बीमा लगायतका सुविधा प्रदान गर्न आफ्नोतर्फबाट पहल गरिएको नेता बुढाथोकीले बताए । चेम्जोङ्ग सानैदेखि निडर र हक्की स्वभावको भएको बताउँदै नेपाली कांग्रेस महासमिति सदस्य मोहन सुब्बा अब पार्टीले उनका बारेमा सोच्ने बेला आएको बताउँछन् ।



# साउन महिनाको सर्वोत्कृष्ट प्रहरी दिपेन्द्र



दिपेन्द्र श्रेष्ठ

**युद्धबहादुर बोहोरा**

**पाँचथर, भदौ २९।** प्रहरी चौकी चिलिङदिन पाँचथरमा कार्यरत प्रहरी नायव निरीक्षक दिपेन्द्र श्रेष्ठ साउन महिनाको ‘बेस्ट पोलिस अफ द मन्थ’ घोषित भएका छन् ।

जिल्ला प्रहरी कार्यालय पाँचथरले मासिक रुपमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति अनुरुप श्रेष्ठलाई उत्कृष्ट प्रहरी घोषित गरेको हो । जिल्ला प्रहरी कार्यालय पाँचथरमा दरबन्दी भई प्रहरी चौकी चिलिङदिन पाँचथरमा इन्चार्ज रहेका उनलाई कार्य सम्पादनको आधारमा पुरस्कृत गरिएको कार्यालयले जनाएको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालन गरी व्यावसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवलका साथ पाँचथर र इलाम जिल्लाको सीमामा प्रहरी इञ्चार्जको रुपमा सक्रिय भई काम गरेको प्रशंसापत्रमा उल्लेख गरिएको छ ।

अपराध नियन्त्रण तथा कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको लागि विभिन्न ठाउँबाट आउने मानिसहरुको विस्तृत विवरण लिई सम्बन्धित कार्यालयमा जानकारी गराउँदै क्वारेन्टाइनमा बस्ने व्यवस्थापनसहित सहज वातावरण बनाउन भूमिक निर्वाह गरेको प्रशंसनीय कार्यप्रति उनलाई सम्मान गरिएको बताइएको छ ।

कार्य क्षेत्रका टोल टोलमा प्रहरी र जनतासँग प्रहरी अभियानको महत्व जनता समक्ष बुझाउने, प्रहरी पेशाप्रतिको जनविश्वासलाई अझै वृद्धि गर्दै सर्वसाधारणमा सुरक्षाको अनुभूति गराउँदै स्थानीय बासिन्दा, सरोकारवाला निकाय, समाजसेवी लगायतका व्यक्तिहरुसँग समन्वय गरी काममा अग्रसर रहेकोमा उनको कार्यशैली प्रति सन्तुष्ट रहेको स्थानीय बताउँछन् ।

सेवा क्षेत्रभित्र कुनै पनि अप्रिय घटना भए तत्काल उपस्थित हुने, प्राकृतिक प्रकोपमा उद्धारको लागि सक्रिय रहने साथै सामाजिक कार्यमा समेत चासो राख्ने उनी उत्कृष्ट घोषित भएकोमा स्थानीय बासिन्दा, संघ-संस्था र जनप्रतिनिधिले बधाई दिएका छन् ।

# टिसिएल ब्राण्ड विश्वको दोस्रो ठूलो ब्राण्ड घोषित




**बिर्तामोड, भदौ २९।** विश्व बजारमा उत्पादन र ग्राहकहरुको रोजाईमा पर्न सफल टिसिएल ब्राण्डका घरायसी सामग्रीको आधारमा यसपटक पुनः टिसिएल टिभी विश्वको दोस्रो ठूलो ब्राण्ड बन्न सफल भएको छ ।

नेपालमा टिसिएल ब्राण्डका टेलिभिजनका साथै वासिङ मेसिन, एयर कन्डिसनर, चेष्टफ्रिजर, वाटर डिस्पेन्सर लगायतका उपकरणहरु चौधरी ग्रुप अन्तर्गत इओएल मार्फत नेपाली बजारमा बिक्री हुने गरेको छ ।

टिसिएल ब्राण्ड विश्वमा १५ वटा अवार्ड विजेता समेत भइसकेको छ । टिसिएलका २३ वटा आरएण्डडि सेन्टर, ७५ हजार कर्मचारी, २१ वटा मेनुफेक्चरी वेस रहेको र एक सय ६० वटा देशमा आफ्नो व्यापार विस्तार गरिसकेको छ । विश्वमा टिसिएल ब्राण्डको मूल्याङ्कन २००७ मा ४०.१३६ अर्ब आरएमवि रहेकोमा १० वर्षमा बढेर ८०६.५६ अर्ब आरएमवि पुगेको छ । टिसिएल ब्राण्डको विश्व बजारमा माग अत्याधिक बढेको देखिन्छ ।

टिसिएल टिभी सन् १९८१ मा शुरुवात गरेको पाइन्छ । आईएचएस पछिको २०१६ मा नै उत्कृष्ट टप ३ स्थान ओगट्न सफल भएको टिसिएल ब्राण्डका टिभी २०१८ देखि २०२० सम्म उत्कृष्ट टप दुई स्थानमा पर्न सफल भएको छ । क्यु २,२०२० मा मार्केट शेयरको आधारमा टिसिएल ग्लोबल टप २ टिभी ब्राण्ड बन्न सफल भएको छ ।

# छोराको बन्चरो प्रहारबाट आमाको हत्या, डुबेर बालिकाको मृत्यु



**भद्रपुर, भदौ २९।** छोराले धारिलो हतियार बन्चरो प्रहार गर्दा आमाको घटनास्थलमै मृत्यु भएको छ ।

मृत्यु हुनेमा झापाको कमल गाउँपालिका-७ स्थित ठूलो बाह्रघरे बस्ने ५० बर्षीया मिरा ऋषिदेव रहेको प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए ।

प्रहरीका अनुसार मादकपदार्थ सेवन गरी घर पुगेका २४ वर्षीय छोरा दिनेश ऋषिदेवले घरायसी वादविवादको क्रममा आमा मिरालाई धारिलो हतियार बन्चरो र ढुङ्गाले टाउको र खुट्टामा प्रहार गर्दा उनको घटनास्थलमा नै मृत्यु भएको थियो ।

घटनास्थलमा पुगेका इलाका प्रहरी कार्यालय दमकको टोलीले छोरा दिनेशलाई पक्राउ गरेको छ । उनलाई आवश्यक कारबाहीका लागि दमक लगिएको प्रहरीले जनाएको छ ।

यसैबीच इलामको माई नगरपालिका वडा नम्बर १ मा एक बालिकाको माछा पोखरीमा डुबेर ज्यान गएको छ । रोङ गाँउपालिका-१ शान्तिपुर बरभञ्ज्याङका बिनोद राईकी १४ महिनाकी छोरी सवनम राईको खेल्ने क्रममा पोखरीमा डुब्दा ज्यान गएको हो ।

माई नगरपालिका वडा नम्बर २ सेलिङडाँडा स्थित मावली घरमा केही दिनअघि आमा-बुवा सँगै आएकी राईको घर फर्कने तयारी भइसकेको थियो । अरु सबै घर फर्कने बिदामा रहेको बेला बालिका खेल्दै पोखरीमा खसेकी थिइन् ।

पोखरीमा खसेकी बालिकालाई उपचारका लागि स्थानीय मेडिकलमा लगिएको भए पनि बचाउन नसकिएको बुवा बिनोद राईले बताए ।


**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

‘चट्ट फोट झट्ट सेवा’



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

**पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?**

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रवीन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट** पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रवीन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

**टुक्रा जग्गा चाहिएमा**

अर्जुनधारा-६, लक्ष्मीपुरमा रहेको टुक्रा जग्गा चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८४०१०१७९०

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९/९८४१३२१४६४

**कर्मचारी आवश्यकता**

**सेल्स/मार्केटिङ :** १५ महिला/पुरुष
**काम गर्ने स्थान:** काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड ।
**तलब:** १२,६००+कमिशन+बोनस
**घरमा काम गर्ने :** १ जना (महिला)
(खान/बस्न सुविधा छ)
**Nepal Jobs Care Service Pvt. Ltd.**
मो. ९८२६९२०००१, ०२३-५४६६८३

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिविसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धन तथा ज्ञानको भण्डार बढ्नेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । प्रियजनसँग भेटघाट होला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आतिथ्यपूर्ण सम्मान प्राप्त होला । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
शत्रुभाव राख्नेहरू स्वयम् कमजोर हुने छन् । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ । समयको माग अनुसार चल्न नसक्दा चिताएको काममा विलम्ब हुन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । हल्लाको पछि लाग्दा दुःख पाइनेछ । तापनि, लगनशीलताले परिस्थितिलाई बदल्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पछि लाभ हुने काम प्रारम्भ हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । यात्राको सम्भावना देखिन्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । साझेदारीमा पहिलेको सम्झौता भंग हुन सक्छ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अरूको सुझावमा भर नपर्नुहोला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । तर, महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आस लागेको काम बिग्रिए पनि मेहनत गर्दा पछिलाई फाइदा हुनेछ । कामकार्यमा नछोडी लागि पर्दा फाइदा देखिन्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समयको प्रभाव सकरात्मक भएर आएको छ । प्रेमीजनसँग घुमफिर होला । विछोडिएका साथीसँग भेटघाट होला ।